**बर्जु गाउँपालिका, सुनसरीद्बारा प्रकाशित**

# बर्जु राजपत्र

**खण्ड: ३ संख्या: ३९ मिति:20७९/०९/१७**

**भाग -२**

## बर्जु गाउँपालिका

**नेपालको संविधानको धारा २२६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ र बर्जु गाउँपालिका कार्यसम्पादन नियमावली २०७५ बमोजिम गाउँ कार्यपालिकाको बैठकले बनाएको यो कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०७९

प्रस्तावना

बर्जु गाउँपालिकाको कार्यालयबाट यस गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयमा कक्षा ११ मा अध्ययनरत गरिव, दलित, जेहेन्दार तथा अपाङगता भएका विद्यार्थीहरुलाई प्रोत्साहन स्वरुप छात्रवृत्ति उपलब्ध गराउनका लागि यो कार्यविधि बनाई लागु गर्न वान्छानिय देखिएकाले शिक्षा ऐन , २०२८ को दफा १९ (क) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागु गरिएको छ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :

क. यो कार्यविधिको नाम बर्जु गाउँपालिकाबाट प्रदान गरिने कक्षा कक्षा ११ अध्ययनरत विद्यार्थीका लागि छात्रवृति वितरण कार्यविधि , २०७९

ख. यो कार्यविधि बर्जु गाउँ कार्यपालिकाले स्वीकृत गरेपछि तुरुन्त लागु हुनेछ।

ग. यो कार्यविधि बर्जु गाउँपालिकाको क्षेत्रभित्र आ .व .२०७९।०८० देखि लागु हुनेछ।

२. परिभाषा : (१) विषय र प्रसङ्ले अर्को अर्थ नलागेमा यस कार्यिविधिमा ,

क. " कार्यविधि " भन्नाले बर्जु गाउँपालिकाबाट प्रदान गरिने कक्षा ११ मा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि गरिव, दलित, तथा जेहेन्दार छात्रवृत्ति वितरण कार्यविधि ,२०७९ सम्झनुपर्दछ।

ख. " कार्यपालिका " भन्नाले बर्जु गाउँकार्यपालिका सम्झनुपर्दछ।

ग. "गाउँपालिका" भन्नाले बर्जु गाउँपालिका अमाहिवेल्हा सुनसरी बुझ्नुपर्दछ।

घ. " कक्षा ११ मा अध्ययनरत " भन्नाले बर्जु गाउँपालिका अन्तर्गत रहेका साधारण धार तथा प्राविधिक धारमा कक्षा ११ मा अध्ययनरत सामुदायिक विद्यालयका विद्यार्थी भन्ने बुझिन्छ।

ङ. विद्यालय भन्नाले प्रचलित कानुन बमोजिम सामुदायिक विद्यालयको रुपमा प्रारम्भिक बाल कक्षादेखि कक्षा १२ सम्म अनुमति प्राप्त गरेको विद्यालयलाई जनाउँदछ।

च. छात्रवृत्ति भन्नाले यसै कार्यविधिले तोकेका आधार अनुसार छनौट भएका विद्यार्थीलाई अध्ययनमा प्रोत्साहन गर्नका लागि यस बर्जु गाउँपालिकाको कार्यालयबाट प्रदान गरेको सुबिधालाई जनाउँदछ।

३. छात्रवृत्ति पाउने मापदण्ड :

क. छात्रवृत्तिको लागि आवेदन दिने आवेदक बर्जु गाउँपालिकाको स्थायी बासिन्दा हुनुपर्नेछ।

ख. आवेदकले एस एल सी वा एस इइ परीक्षामा न्युनतम B Grade वा सो भन्दा माथि अकं ल्याई उत्तीर्ण गरेको र यसै पालिकाको सामुदायिक विद्यालयमा कक्षा ११ मा अध्ययनरत रहेको हुनुपर्नेछ। दलित समुदायका अति विपन्न परिवार तथा फरक क्षमता भएका लागि भने एसईई उत्तिर्ण भएको खण्डमा पनि छात्रवृत्तिका लागि योग्य हुनेछ।

ग. सम्बन्धित वडामा कक्षा ११ सन्चालित विद्यालयले छात्रवृत्तिका लागि वडा कार्यालयलाई छात्रवृत्तिका लागि सिफारिस गर्नुपर्नेछ। यसरी सिफारिस गर्दा दलित, जेहेन्दार , गरीब र फरक क्षमता भएका विद्यार्थीका लागि गरी मात्र सिफारिस गर्नुपर्नेछ। यसरी सिफारिस गर्दा कम्तिमा ५० प्रतिशत अनिवार्य छात्राको संख्या हुनुपर्नेछ। गरिब तर्फको छात्रवृत्ति लागि आवेदन दिने विद्यार्थीले आफू बसोबास गर्नै वडा कार्यालयले विपनन्नता भएको भन्ने व्यहोराको प्रमाणित कागजात लिई सो पश्चात उक्त कागजात संलग्न राखी सम्बन्धित विद्यालयमा छात्रवृत्तिको लागि आवेदन दिनुपर्नेछ।

घ. छात्रवृत्तिका लागि आवेदकले विद्यालयको सिफारिस पत्र, कक्षा १० उत्तीर्ण गरेको लब्धाङ्क पत्रको छायाँकपी , सम्बन्धित वडाको सिफारिसपत्र र छात्रवृत्ति पाउँ भन्ने अनुसूची १ बमोजिमको ढाँचामा निवेदन पत्र तोकिएको समयसीमा भित्र मात्र गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नु पर्ने हुन्छ। तर सो विद्यार्थी कुनै सङ्घसंस्थाबाट पूर्ण रुपमा छात्रवृत्तिमा अध्ययनरत भएको अबस्थामा यस छात्रवृत्तिका लागि योग्य हुनेछैन।

४. छात्रवृत्ति उपलब्ध गराईने प्रक्रिया :

क. छात्रवृत्तिको लागि आवेदकबाट दफा ३ बमोजिमको कागजातहरु पेश भएको हुनुपर्नेछ।

५. कार्यालयले छात्रवृत्तिको लागि आवेदकबाट पेश भएका कागजातहरु अध्ययन गरी छात्रवृत्ति प्रदानको निर्णयको लागि दफा (६) बमोजिमको समिति समक्ष पेश गर्नुपर्नेछ । निर्णय भएपछि सम्बन्धित आवेदकलाई जानकारी गराई छात्रवृत्तिको रकम प्रदान गरिनेछ।

६. छात्रवृत्ति निर्णय समिति :

क. छात्रवृत्तिको लागि आवेदकबाट पेश भएका कागजातहरु अध्ययन गरी छात्रवृत्ति प्रदान गर्ने निर्णय गाउँ शिक्षा समितिले गर्नेछ।

७. छात्रवृत्ति रकम :

क. बर्जु गाउँपालिकाबाट प्रदान गरिने कक्षा ११ मा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि प्रदान गरिने छात्रवृत्तिको रकम १ शैक्षिक सत्रका लागिका प्रति विद्यार्थी रु. १००००।०० अक्षेरेपी रु दश हजार रुपैया मात्र उपलब्ध गराईनेछ।

ख. यसरी छात्रवृत्तिको रकम प्राप्त गरेका विद्यार्थीले अनिवार्य रुपमा कक्षा ११ को अन्तिम परीक्षामा परीक्षामा सामेल भएको हुनुपर्नेछ । तर पुरै अवधि अध्ययन नगरी अध्ययन छाडेको पुष्टि भएमा उपलब्ध गराईएको छात्रवृत्तिको रकम गाउँपालिकामा फिर्ता गराईनेछ सोका लागि अभिभावकको रोहवरमा प्रतिवद्धता पत्रमा हस्ताक्षर गराईनेछ। कक्षा ११ मा छात्रवृत्ति पाएको विद्यार्थीले कक्षा ११ को उत्तिर्ण गरेको खण्डमा मात्र १२ मा छात्रवृत्ति पाउनका योग्य हुनेछ।

## अनुसूची १

(विद्यार्थीले आवेदन दिने निवेदनको ढाँचा)

मिति : २०७९।  ।

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू ,
बर्जु गाउँपालिकाको कार्यालय
अमाहीवेल्हा -५ सुनसरी

विषय : छात्रवृत्ति पाउँ भन्ने बारे।

प्रस्तुत विषयमा यस बर्जु गाउँपालिका सुनसरी अन्तर्गत वडा नं. ....... मा बस्ने श्री ............... को छोरा / छोरी वर्ष ..... को म श्री ....................... ले कक्षा ११/१२ अध्ययनको लागि तहाँको कार्यालयबाट उपलब्ध हुने जेहेन्दार/दलित/गरिब का लागि छात्रवृत्ति रकम वितरणको कार्यक्रम रहेको बुझिएकोले मैले सो छात्रवृतिका लागि आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न गरी यो निवेदन पेश गर्दछु।

१. विद्यार्थीको नाम :
२. विद्यार्थीको हाल बसोबास गर्दै आएको ठेगाना :
   क) प्रदेशको नाम :   ख) जिल्ला :   ग) स्थानीय तहको नाम :
   घ) वडा नं :   ङ) टोल / गाउँ :
३. अभिभावकको नाम थर :
   क) बाबुको नाम थर :   ख) पेशा :

ग) आमाको नाम थर :                    घ) पेशा :

४. विद्यार्थी वा निजको अभिभावकको मोबाइल नम्बर :

५. यस अघि कुनै छात्रवृत्ति पाए / नपाएको :

६.आवेदन दिन चाहेको कक्षा :

७. अघिल्लो कक्षा उत्तिर्ण गरेको प्रतिशत वा जीपीए :

८. एस. इ. इ. को सिम्बोल नम्बर :

९. कक्षा ११/१२ मा अध्ययन गर्न चाहेको विषय वा अध्ययन गरिरहेको विषय समूह :

१०. एकाघर सगोलमा रहेको परिवारको कुनै सदस्यको पेशा व्यवसाय वा नोकरी भए वा नभएको :

११. आफूले कुन समूहमा आवेदन दिन चाहेको हो (कुनै एक कोठामा रेजा चिन्ह लगाउन्होस्)

| | | | |
|---|---|---|---|
| गरिव | (  ) | दलित | (  ) |
| जेहेन्दार | (  ) | फरक क्षमता वा अपाङ्गता | (  ) |

१२. विद्यार्थीको परिवारको अनुमाननित वार्षिक आय :

माथि उल्लेखित व्यहोरा ठिक साँचो छन् , फरक परे कानुन बमोजिम सहुँला, बुझाउँला।

आवेदक /अभिभावकको नाम :                    दस्तखत :

हाल अध्ययनरत विद्यालयको नाम र ठेगाना :

इति वि स …….. महिना ……… गते ……… रोज् …….. शुभम्

अनुसूची २

(आवेदन साथ पेश गर्नुपर्ने कागजातहरुको विवरण)

१. अनुसूची १ बमोजिमको ढाँचामा निवेदन फारम

२. अघिल्लो कक्षा उत्तिर्ण गरेको लब्धांक पत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि।

३. दलितको हकमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसको प्रतिलिपि।

४. विद्यार्थी स्थायी रुपमा बसोबास गर्दै आएको वडा कार्यालयको सिफारिस पत्र।

५. गरिब तर्फको छात्रवृत्ति लागि आवेदन दिने विद्यार्थीले आफू बसोबास गर्नै वडा कार्यालयले विपनन्नता भएको भन्ने व्यहोराको प्रमाणित कागजात।